मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

वर्ष ४ · अंक ४४ · २०८२ साल पौष १३ गते आइतबार · Sundayday 28, December 2025 · सूर्योदयः बिहान ०६:५३ बजे · सूर्यास्तः साँझ ५:२० बजे · पृष्ठ ४ · मूल्य रु. ५/-

## इन्धनबाट ३० अर्ब २५ करोड राजस्व संकलन

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज भन्सार कार्यालयले चालू आर्थिक वर्षको पाँच महिनामा सबैभन्दा धेरै राजस्व पेट्रोलियम पदार्थबाट असुल गरको छ । पेट्रोलियम पदार्थको आयातबाट मात्रै पाँच महिनामा ३० अर्ब २५ करोड रुपैयाँ सङ्कलन गरिएको भन्सार कार्यालयले जनाएको छ । वीरगंज नाका हुँदै पाँच महिनामा पाँच थरीका ७२ अर्ब २८ करोड रुपैयाँको पेट्रोलियम पदार्थ आयात हुँदा राजस्व सङ्कलन भएको हो । राजस्वमा पेट्रोलियम पदार्थको हिस्सा भने ३१ दशमलव ३९ प्रतिशत रहेको छ । वीरगंज भन्सार कार्यालयका सूचना अधिकृत उदयसिंह विष्टले वीरगंज भन्सारको राजस्वको मुख्य आधार नै पेट्रोलियम पदार्थ र सवारीसाधनको आयातबाट प्राप्त हुने राजस्व रहेको बताए । त्यस्तै, दोस्रो धेरै राजस्व भने यातायात साधन र तिनका पाटपुर्जा आयातबाट १२ अर्ब ७४ करोड रकम प्राप्त गरेको छ ।

# १४ वर्षदेखि अड्किएको कमला पुल निर्माण शुरु



**मधेशदृष्टि**
**जनकपुरधाम**
हुलाकी राजमार्गअन्तर्गत सिराहा र धनुषाको सिमानामा पर्ने कमला नदीमा निर्माणाधीन कमला पुल ठेक्का सम्झौता भएको १४ वर्ष बितिसक्दा पनि अझै पूर्ण हुनसकेको छैन । लामो समयदेखि अलपत्र परेको पुलको बाँकी काम हाल तीव्र गतिमा भइरहेको छ । निर्माण व्यवसायीले आगामी चैतभित्र पुल निर्माण सम्पन्न गरी यातायात सञ्चालन गर्ने कार्यतालिकासहित काम अघि बढाएको जनाएको छ ।

निर्माण व्यवसायीले नै डिजाइन गरी निर्माण गर्ने मोडलमा ठेक्का सम्झौता भएको पुलको लम्बाइ ४ सय ६९ मिटर रहेको छ । पुल निर्माणमा भएको ढिलाइका कारण वर्षौंदेखि स्थानीय बासिन्दा तथा सवारीसाधन प्रयोगकर्ताले ठूलो सास्ती भोग्दै आएका छन् । पुल नहुँदा यात्रुहरू लामो वैकल्पिक मार्ग प्रयोग गर्न बाध्य छन् भने वर्षायाममा कमला नदी वारपार गर्न जोखिमपूर्ण र कष्टकर यात्रा गर्नुपर्ने अवस्था छ ।

मङ्सिर ५ गते ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकासमन्त्री कुलमान घिसिङले पुलको स्थलगत अनुगमन गर्दै निर्माण तथा पुनःस्थापनाको काम तत्काल अघि बढाउन निर्देशन दिएका थिए । उनले कामको नियमित अनुगमन गर्ने र प्रगति सन्तोषजनक नभए ठेक्का सम्झौता तोड्नेसमेत चेतावनी दिएका थिए । साथै, नदीमा ह्युम पाइप राखी अस्थायी आवतजावतको व्यवस्था गर्न निर्देशन दिएअनुसार हाल कामसमेत अघि बढाइएको छ ।

२०७८ साल असार १७ गते कमला नदीमा आएको बाढीले पुलका दुईवटा जग भासिँदा चारवटा स्लावमा क्षति पुगेको थियो । क्षतिग्रस्त स्लावमध्ये सिरहातर्फका दुईवटा स्लाब हटाइसकिएको छ भने धनुषातर्फका दुईवटा स्लाब हटाउन नपर्ने प्राविधिक अध्ययनबाट देखिएको छ । भासिएको जगलाई मजबुत बनाएपछि स्लाब लिफ्टिङको काम शुरु गरिने तयारी भइरहेको छ । यसका लागि विज्ञ प्राविधिक टोलीले निरीक्षण र अध्ययन गरी कार्ययोजना तयार गरिरहेको जनाइएको छ ।

पुलको पूर्वतर्फ (सिरहा) सब–स्ट्रक्चरको काम सकिएको छ । त्यहाँ दुईवटा स्लाब हटाई भासिएको स्थानमा थप दुईवटा जग निर्माण गरी सब–स्ट्रक्चर पूरा गरिएको छ । अब प्लेट गडर जडान गर्न बाँकी रहेको छ ।

ती गडर चितवनमा निर्माण भइरहेको र तयार भएपछि पुलमा ल्याएर जडान गरिने बताइएको छ ।

यद्यपि, ठेक्काअन्तर्गत पर्ने नदी नियन्त्रण तथा पहुँच सडकको काम भने अझै शुरु हुनसकेको छैन । असोजमा आएको बाढीपछि कमला नदीको धार परिवर्तन भएकाले नयाँ डिजाइनबारे छलफल भइरहेको र डिजाइन टुंगो लागेपछि मात्र निर्माण अघि बढाइने जनाइएको छ ।

तराई–मधेशको 'लाइफ लाइन' मानिने हुलाकी राजमार्गमा पर्ने कमला पुल निर्माणका लागि २०६८ साल जेठमा पप्पु लुम्बिनी जेभीसँग २४ करोड ९१ लाख रुपैयाँ (भ्याटसहित) मा ठेक्का सम्झौता गरिएको थियो । प्रारम्भिक सम्झौताअनुसार पुल २०७१ साल मङ्सिरमै सम्पन्न हुनुपर्ने थियो ।

तर तोकिएको समयमै काम नसकिँदा हालसम्म सात पटक ठेक्काको म्याद थप भइसकेको छ । पछिल्लो पटक थपिएको म्याद गत असारमा सकिएपछि निर्माण व्यवसायीले आगामी असारसम्मका लागि पुनः म्याद थप प्रस्ताव पेस गरेको छ ।

हाल ठेक्काको म्याद थप प्रक्रियामा रहेको जनाइएको छ । हालसम्म पुल निर्माणका लागि २० करोड ४३ लाख रुपैयाँ (भ्याटसहित) भुक्तानी भइसकेको छ ।

# जाडोले जनजीवन कष्टकर वीरगंजमा बिदा बढाइयो



**मधेशदृष्टि**
**वीरगंज ।**
पछिल्लो केही दिनदेखि वीरगंजसहित तराईका क्षेत्रमा चिसो बढेसँगै स्थानीय सर्वसाधारण प्रभावित भएका छन् । बिहान र साँझ बाक्लो कुहिरो लाग्ने तथा चिसो हावा चल्ने क्रम बढेपछि जनजीवन कष्टकर बनेको हो । चिसोका कारण विशेषगरी बालबालिका, वृद्धवृद्धा, दीर्घरोगी तथा दैनिक ज्यालादारीमा निर्भर मजदुर बढी प्रभावित भएका छन् । अत्यावश्यक कामबाहेक घरबाट बाहिर ननिस्कने सर्वसाधारणको संख्या बढ्दै गएको छ ।

बाँकी पृष्ठ ३ मा

### जनकपुरधाम उप-महानगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### जनकपुरधाम, धनुषा

**विषयः जाडो विदा गरिएको सम्बन्धमा**

श्री सबै सामुदायिक तथा संस्थागत विद्यालयहरु
जनकपुरधाम उपमहानगरपालिका ।

प्रस्तुत विषयमा बाक्लो हुस्सु र शितलहरको कारण मौसममा सुधार नआएकोले जाडो विधाबाट कट्टा हुने गरी पुनः मिति २०८२/०९/१३ देखि २०८२/०९/१६ गतेसम्म जाडो बिदा गरिएको व्यहोरा आदेशानुसार जानकारीको लागि अनुरोध छ ।

अन्जु पाण्डेय
शाखा प्रमुख
शिक्षा युवा तथा खेलकुद विकास शाखा

# स्थायी कर्मचारीबारे अद्यावधिक गर्न स्थानीय तहलाई एकमहिने अल्टिमेटम




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारले प्रदेशभित्रका सबै स्थानीय तहलाई आफ्ना स्थायी कर्मचारीहरूको पद दर्ता, सिटरोल दर्ता तथा व्यक्तिगत अभिलेख अद्यावधिक गर्न एक महिनाको समयसीमा तोकेको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रमुख सचिवस्तरको निर्णयअनुसार आवश्यक कागजातसहित विवरण पठाउन स्थानीय तहलाई निर्देशन दिएको हो ।

मुख्यमन्त्री कार्यालयका अनुसार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय किताबखाना (निजामती) र मधेश प्रदेश सरकारबीच २०८२ साल कार्तिक २६ गते प्रदेश तथा स्थानीय सेवा (अन्य सेवा समेत) का कर्मचारीहरूको सूचना प्रणालीमा पहुँच हस्तान्तरण सम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको थियो । सोही समझदारीअनुसार स्थानीय तहमा कार्यरत कर्मचारीको अभिलेख एकीकृत र अद्यावधिक गर्ने प्रक्रिया अघि बढाइएको हो ।

हालसम्म मधेश प्रदेशअन्तर्गतका स्थानीय

बाँकी पृष्ठ ३ मा

# विज्ञापन नहुँदा करारकै जनशक्तिबाट स्वास्थ्य केन्द्र सञ्चालन




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशमा स्वास्थ्य सेवासम्बन्धी पदहरूमा तीन वर्षदेखि विज्ञापन नखुल्दा जनशक्ति अभाव गम्भीर बन्दै गएको छ । जनशक्ति अभाव देखिएपछि त्यसविरुद्ध मंसिर २८ गते केही विद्यार्थी प्रदेश लोकसेवा आयोगविरुद्ध सडकमा उत्रिएका थिए । उनीहरूले जनकपुरधामस्थित आयोगको कार्यालय पुगेर अध्यक्ष शिवराम यादवलाई ज्ञापन बुझाउँदै लामो समयदेखि स्वास्थ्य सेवाका विभिन्न तहमा पदपूर्ति हुन नसकेको गुनासो गरे । त्यसपछि विद्यार्थीहरूले मुख्यमन्त्री कृष्णप्रसाद यादवलाई समेत भेटेर ध्यानाकर्षण पत्र बुझाएका थिए ।

आन्दोलनपछि बाहिर आएको तथ्य अनुसार स्वास्थ्य सेवातर्फ आवश्यक कर्मचारीको माग नै मधेश प्रदेश सरकारबाट लोकसेवा आयोगमा नपुगेको देखिएको छ । आयोगका

बाँकी पृष्ठ २ मा

## चिसो लहर (Coldwave) का कारण मानिसमा पर्न सक्ने सम्भावित प्रभावहरू

चिसो लहरले विशेष गरी जेष्ठ नागरिक, बालबालिका, गर्भवती महिला, दीर्घरोगी, गरिब तथा खुला स्थानमा बसोबास गर्ने समुदायमा गम्भीर असर पार्ने गर्दछ । यसका प्रमुख प्रभावहरू निम्न छन्:

- श्वासप्रश्वास सम्बन्धी रोगहरू (निमोनिया, दमको समस्या बढ्नु)
- हृदयघात र उच्च रक्तचापको जोखिम बढ्नु
- हाइपोथर्मिया (शरीरको तापक्रम असामान्य रूपमा घट्नु)
- बालबालिकामा झाडापखाला, रुघाखोकी तथा संक्रमणको जोखिम
- वृद्धवृद्धामा मृत्युदर बढ्नु
- स्वास्थ्य सेवा पहुँच कमजोर भएका क्षेत्रमा समयमै उपचार नपाउँदा जटिलता बढ्नु

यसैले चिसो लहरलाई मौसमी असुविधा मात्र नभई सार्वजनिक स्वास्थ्य आपतकालीन अवस्थाका रूपमा लिनु आवश्यक छ ।

**जिल्ला–प्रदेश तहको भूमिकासहितको समन्वित मन्तव्य**

"आजको यस भर्चुअल बैठकमार्फत चिसो लहरका कारण उत्पन्न स्वास्थ्य जोखिमहरूबारे साझा बुझाइ बनाउने र समन्वित रूपमा अगाडि बढ्ने उद्देश्य राखिएको छ । चिसो लहरले विशेषगरी जोखिम समूहमा गम्भीर असर पारिरहेको सन्दर्भमा हामी सबै तहबाट जिम्मेवार र तत्पर हुन आवश्यक छ ।"

**जिल्ला तहले गर्नुपर्ने कार्यहरू:**

- स्वास्थ्य संस्थाहरूलाई चिसो लहरसम्बन्धी केस व्यवस्थापनका लागि तयारी अवस्थामा राख्ने
- जोखिम समूह पहिचान गरी लक्षित सचेतना कार्यक्रम सञ्चालन गर्ने
- चिसो लहरसम्बन्धी बिरामी, मृत्यु तथा असामान्य घटनाको नियमित रिपोर्टिङ गर्ने
- स्थानीय तहसँग समन्वय गरी न्यानो कपडा, ओढ्ने–बिछ्याउने तथा अस्थायी आश्रयको व्यवस्था गर्न सहजीकरण गर्ने

**प्रदेश तहले गर्नुपर्ने कार्यहरू:**

- जिल्लाबाट प्राप्त अवस्था र मागहरूको विश्लेषण गरी आवश्यक स्रोत व्यवस्थापन गर्ने
- औषधि, आपतकालीन सामग्री तथा प्राविधिक सहयोगको समन्वय गर्ने
- जोखिम जिल्लाहरूमा विशेष निगरानी (surveillance) सुदृढ गर्ने
- संघीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग समन्वय गरी नीति, निर्देशन तथा आवश्यक सहयोग सुनिश्चित गर्ने

"यस चिसो लहरको प्रभावलाई न्यूनिकरण गर्न जिल्ला, प्रदेश र संघीय तहबीच प्रभावकारी समन्वय, समयमै सूचना आदान–प्रदान र द्रुत निर्णय अत्यन्त आवश्यक छ । आजको बैठकबाट प्राप्त सुझाव र निर्देशनका आधारमा हामी स्पष्ट कार्ययोजनासहित अगाडि बढ्नेछौं ।"



जनहितमा जारी सन्देश
### स्वास्थ्य निर्देशनालय
सपही, मधेश प्रदेश, नेपाल

सम्पादकीय

# जाडोमा जनजीवन बचाउन स्वास्थ्य संस्थाहरुलाई सतर्क रहन निर्देशन

शीतलहर तथा जाडोबाट हुने स्वास्थ्य समस्याका विषयमा प्रदेश स्वास्थ्य निर्देशनालयले प्रदेशभरका स्वास्थ्य संस्थालाई पूर्ण सतर्क रहनका निर्देशन गरेर सर्वसाधारणको स्वास्थ्यमा ध्यान केन्द्रित गरेको सन्देश प्रवाह भएको छ । मधेश प्रदेशका जिल्ला स्वास्थ्य कार्यालय तथा स्थानीय तहका स्वास्थ्य शाखासँग भर्चुअल संवाद गरेर चिसोबाट हुन सक्ने स्वास्थ्य समस्याका विषयमा छलफल र सतर्क रहन निर्देशन दिइएको हो। चिसो मौसम तथा शीतलहरका कारण जनस्वास्थ्यमा परेको प्रभावको मूल्याङ्कन, तयारी तथा पूर्व तयारीको समीक्षा गर्नुका साथै आवश्यक सहयोगका क्षेत्रमा विभिन्न स्वास्थ्य कार्यालयहरूसँग छलफल भएको हो।

छलफलमा जोखिममा रहेका जनसमूहलाई प्राथमिकता दिनुपर्ने, स्वास्थ्य संस्थाको तयारी सुनिश्चित गर्नुपर्ने, एम्बुलेन्स सेवा, अस्पताल सञ्जाल तथा बफर स्टक मजबुत बनाउनुपर्ने र महिला स्वास्थ्य स्वयम्सेविका, आइइसी सामग्री तथा जनचेतना अभिवृद्धि गर्नुपर्ने विषयमा पनि छलफल भएको थियो । समन्वय, जलन र दुर्घटनासम्बन्धी तयारीबारे आगामी छलफल, साझेदारसँग स्रोत नक्साङ्कन, तथा थप सहयोग आवश्यक भए प्रदेशलाई औपचारिक रूपमा जानकारी गराउने विषयमा पनि छलफल भएको थियो। मधेशको सबै जिल्लामा जाडोको कहर देखिएको छ। सर्वसाधारण निकै प्रभावित भएका छन्। जाडोले दैनिकी कष्टकर बनिरहँदा स्थानीय तहहरुले विद्यालय बिदा लम्ब्याएका छन् । चोकमा दाउराको जोहो भए पनि राति जाडोबाट ज्यान बचाउन अझै कष्ट देखिएको छ । प्रदेश सरकार, स्थानीय सरकारले उज्यालोमा ताताको जोहो गरे पनि रात्रीकालीन जिन्दगी भने अझै कष्टकर देखिएको छ। केही दिन अरु जाडो बढ्ने भएकाले यस्तो बेला ज्यान बचाउन सबैले सकेको उपाय अपनाउनु पर्ने देखिएको छ।

# मैदान छाडेका महामन्त्रीः तर्सेको कि तर्साएको ?



नकुल अर्याल

आजभन्दा ठिक ४ वर्षअघि २०७८ पुस ११ गते नेपाल प्रेसले लेखेको रहेछ– गगन विश्वले के गर्न सक्छन्, के सक्दैनन् ? १४ औँ महाधिवेशनको रापताप, महामन्त्रीमा युवा नेताहरूको जितको उत्साहबीच कांग्रेस विधानका व्यवस्था र परम्परागत अभ्यासका आधारमा महामन्त्रीहरूले व्यहोर्नुपर्ने चुनौतीबारे उति बेलै लेखिएको रहेछ–कुनै व्यक्तिको हार वा जितले कांग्रेसको पतन वा उत्थानको निर्धारण गर्न सक्दैन।

अस्तिसम्म, कांग्रेस संसदको सबैभन्दा ठूलो दल थियो । माओवादीसँग तालमेल गरेरै सही कांग्रेसलाई सबैभन्दा ठूलो बनाउने नेतृत्व सभापतिका रूपमा शेरबहादुर देउवाले नै गरेका थिए । माओवादीसँग तालमेल नगरेको भए कांग्रेस कम्तीमा पहिलो नहुने निश्चितजस्तै थियो।

निर्वाचन जितेर मात्रै , सबैभन्दा ठूला भएर मात्रै कांग्रेसले आफ्नो औचित्य स्थापित गर्न सकेन। किनकि संसदको ठूलो दल भए पनि सत्ताको सहायक भूमिका मात्रै कांग्रेसले प्राप्त गर्‍यो । कांग्रेसको आन्तरिक जीवनमा पनि यस्तै हो । महामन्त्रीमा आशा गरिएका अनुहारको जितले मात्रै परिणाम दिएन । बितेको चार वर्षमा कांग्रेसका मुख्य भ्रातृसंस्थाहरुको महाधिवेशन हुन सकेन । अहिले कांग्रेसले आफ्नै महाधिवेशन गर्न सकेन । यी सबै कुरामा महामन्त्रीहरू मात्रै दोषी छैनन् । सायद सभापति मात्रै पनि दोषी छैनन्। १४ औँ महाधिवेशन लगत्तै सभापति शेरबहादुर देउवासँग महामन्त्रीद्वयको संघर्षका सन्दर्भहरू भेटिन्थे । केन्द्रीय समितिको बैठक नियमित गर्नेदेखि पार्टी गतिविधिलाई चुस्त बनाउनेसम्ममा महामन्त्रीहरूका फरक मत मुखरित भए। पार्टीका सामान्य आन्तरिक सन्दर्भहरूमा महामन्त्रीद्वयका कुरा सुनिए पनि राजनीतिक प्रभावका विषयहरूमा देउवा गलेनन्।

निर्वाचनमा माओवादीसँग तालमेल गर्न नहुने महामन्त्रीद्वयको अडानलाई देउवाले स्वीकार गरेनन् । टिकट वितरणमा पनि 'आफू र आफ्ना केही' बाहेकमा महामन्त्रीद्वयले निर्णायक प्रभाव राखेनन् । निर्वाचन लगत्तै महामन्त्री थापा संसदीय दलको नेतामा देउवाविरुद्ध उम्मेदवार बने । थापाको उम्मेदवारीमा शर्माको समर्थन रह्यो तर परिणामका लागि पर्याप्त भएन।

संसदीय दलको निर्वाचन लगत्तै महामन्त्रीद्वयको संक्षिप्त संघर्षको क्रम रोकियो । बुढानीलकण्ठ पुगेर दुवै महामन्त्रीले नवीन सहकार्यका लागि सभापतिसँग प्रस्ताव गरे । देउवाले पनि पार्टीका नियमित काममा महामन्त्रीद्वयलाई अवरोध गरेनन् । राजकीय मामिलामा महामन्त्री थापा व्यस्त रहँदा महामन्त्री शर्माले पार्टीको काममा आफूलाई केन्द्रित गरे। संघ र प्रदेश सरकारमा सभापति र महामन्त्रीबीच अवसरहरूको बाँडफाँड भयो। सत्तारुढ दलको नेताका रूपमा महामन्त्रीद्वयले सभापतिलाई पर्याप्त सहयोग गरे । तर रूपान्तरणका लागि यो पर्याप्त भएन।

देउवासँग मिल्दा पनि भिड्दा पनि दुवै अवस्थामा महामन्त्रीद्वयको मनोकांक्षा पूरा भएन । जेन्जी विद्रोहले महामन्त्रीद्वयलाई पार्टी सुधार र रूपान्तरणको पहल लिने अवसर दियो । विशेष महाधिवेशनको पक्षमा उभिएर दुवैजनाले पर्याप्त बहस सिर्जना गराए । ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिले विश्वास पनि गरे । यसका बाबजुद केन्द्रीय समितिमा संस्थापनको बहुमत रहेकै कारण सम्झौतामा सीमित हुन पुगे।

महामन्त्रीका रूपमा स्थापित विधि र पद्धतिलाई पनि मान्नै पर्ने, एजेन्डाका आधारमा पार्टीभित्रको संघर्षलाई पनि साथ दिनै पर्ने दोहोरो स्थिति महामन्त्रीसामु रह्यो । त्यसैले नियमित महाधिवेशनको कामचलाउ सहमतिले विशेष महाधिवेशनको बाध्यता टार्न उनीहरू सहमत भए। पुस २६ को कार्यतालिकामात्रै आउँदा पनि कांग्रेसमा क्रियाशील सदस्यताको कामले गति लिएको छ । यसले क्रमशः महाधिवेशन सुनिश्चित गर्ने नै थियो तर राष्ट्रिय राजनीतिमा उत्पन्न घटनाक्रम, आम अपेक्षा र संस्थापनको पेलानले महामन्त्रीद्वयलाई अझ परिपक्व निर्णयका लागि तयार रहनुपर्ने स्थानमा पुर्‍याइदिएको छ।

भदौ २३ र २४ मा जेन्जी विद्रोह नभएको भए, कांग्रेसको मौजुदा केन्द्रीय समितिको म्याद १ वर्ष थपिइसकेको हुने थियो । जेन्जी विद्रोहको चेतलाई आत्मसाथ गर्दै कांग्रेसका ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिहरूले विशेष महाधिवेशनको माग गरे । उनीहरूको हस्ताक्षरसहितको लिखित प्रस्ताव कांग्रेस केन्द्रीय कार्यालयमा सुरक्षित छ । कांग्रेसले औपचारिक रुपमा त्यो प्रस्तावमा छलफलसमेत गरेको छैन । हस्ताक्षरकर्तासँग औपचारिक संवाद गरेको पनि छैन । विधानको स्पष्ट व्यवस्थाले पुस २८ भित्र विशेष महाधिवेशन नै गराउनुपर्ने परिस्थिति छ । यसमा महामन्त्रीद्वयले ऐक्यबद्धता त जनाएकै छन्, अब परिणाम बाँकी छ।

जेन्जी विद्रोहपश्चात् सबैभन्दा कठिन समयबाट कांग्रेस गुज्रिरहेको छ । केन्द्रीय समितिको ४९ दिनको बैठकले कांग्रेसलाई प्रष्ट गति दिन सकेन । कांग्रेस सत्ताको मानसिकताबाट बाहिरिन सकेन । सामाजिक सञ्जाल बन्द गराउने सरकारको निर्णयमा कुनै संस्थागत प्रतिवाद कांग्रेसले गरेको थिएन तर उसले जेन्जीका २३ गतेका मागलाई जायज भनिसकेको छ।

आन्दोलनमा भएको मानवीय क्षतिमा कांग्रेसले दुःख व्यक्त गरेको छ तर त्यसमा जिम्मेवार नेताहरुलाई जोगाइरहेको छ । कांग्रेसले एकातिर राष्ट्रपतिको भूमिकालाई सम्मान गरेको छ, अर्कोतिर संसद विघटनलाई अवैध भनेको छ । चुनावको तयारी गर्न उम्मेदवारको सूची बनाउने र संसद पुनःस्थापनाका लागि रिट हाल्ने कांग्रेस यतिन्जेल एउटै छ । यसरी मूल सैद्धान्तिक प्रश्नहरुमै अल्मलिएको कांग्रेस महाधिवेशनको आन्तरिक गोलचक्करले झन् थलिएको छ । थलिएको कांग्रेस चुनावको सम्भावित परिणामबारे जानकार छ।

एमालेले महाधिवेशन गरेर आफूलाई अपडेट गरिसक्यो । माओवादीले पार्टी एकताकै नाममा भए पनि मनोबल फर्काइसक्यो । कमल थापा र राजेन्द्र लिंग्देनदेखि रेशम चौधरी र रञ्जिता श्रेष्ठ हुँदै प्रभु साह र एलिजा गौतमबीच समेत सहकार्य भइसक्यो । बालेन, रवि र कुलमानको सहकार्यको दौडमा पूर्व र वर्तमान कांग्रेसीहरु नै सामेल देखिन्छन् । यस्तो बेला चुनाव हारिन्छ भन्ने भय हरेक कांग्रेसजनमा छ । त्यही भयले पनि हुनसक्छ कांग्रेस महामन्त्रीहरू चुनाव नलड्ने घोषणा गरेका छन्।

२०६४ सालमा समानुपातिकबाट संविधानसभा सदस्य भएका महामन्त्री थापा त्यसयताका ३ आमनिर्वाचनमा काठमाडौं ४ बाट विजयी भए । अघिल्लो पटक नै क्षेत्र छाड्न खोजे पनि गगनका लागि परिस्थिति मिलेन । माओवादी र एकीकृत समाजवादीसँग सहकार्यदेखि रास्वपाको वाकओभरसम्मले काठमाडौं ४ मा गगनलाई सहज भयो । अस्तिसम्म गगनलाई उम्मेदवार बनाउन कांग्रेसका आधा दर्जन क्षेत्रले सिफारिस गरिसकेका थिए । देशभरी डिमान्ड बढिरहँदा गगनले काठमाडौं ४ मै लड्छु भनेकै थिए । अचानक महाधिवेशन नभए चुनाव लड्दिन भन्ने स्थिति कसरी आयो ? गगनले जवाफ दिनै होला।

महासमितिले स्वीकार नगरे पनि महामन्त्री शर्माले वान,टु, थ्री , फोरको प्रस्ताव गरेकै थिए । चार पटकसम्म सांसद हुने सुविधा छदै थियो । २०७० र २०७४ को निर्वाचनमा पराजय व्यहोरेका शर्मा अघिल्लो निर्वाचनमा झापा १ बाट विजयी भए । गगनलाई प्रधानमन्त्री बनाउने अभियानमा उभिएपछि शर्माले मन्त्री बन्ने चाहना राखेनन् । संसदीय अभ्यासको पहिलो कार्यकाल नै पूरा हुन पाएन।

७ पटकसम्म लगातार चुनाव जितेर सांसद भएका सभापति देउवाले अझै १ पटक चुनाव लड्ने आकांक्षा राख्दा विश्व पहिलो पटकमै तृप्त देखिए । 'हारे पनि जिते पनि प्रभावका आधारमा क्षेत्र कब्जा गरिरहन हुँदैन' शर्माको अभिव्यक्ति कर्णप्रिय छ । यद्यपि पार्टीभित्र एकताको अभाव भइरहँदा, कार्यकर्ताको मनोबल बढाउनुपर्दा महामन्त्रीले नै मैदान छाड्नु स्वाभाविक हो हैन ? शर्माको थप जवाफ आउला।

गगन विश्वका लागि परिस्थिति नै प्रतिकुल देखियो । पार्टीभित्र बहुमत छैन । महाधिवेशन प्रतिनिधिहरूको बहुमत भए पनि केन्द्रीय समितिको बहुमत सामु यतिन्जेल निरीह छ । विद्रोहका लागि पर्याप्त वातावरण भए पनि उनीहरूको प्रयत्न अझै 'मिल्ने मिलाउने' मै केन्द्रित छ।

पार्टीबाहिर उनीहरूभन्दा युवा,नयाँहरूको 'हल्लाखल्ला' छ । त्योभन्दा चर्को हल्ला गर्न कांग्रेसजस्तो ऐतिहासिक पार्टीका प्रभावशाली महामन्त्रीद्वयका लागि शोभनीय हुँदैन । सभापति देउवा र एमाले अध्यक्ष केपी शर्मा ओलीको बढ्दो घनिष्ठताले अझै कस्तो परिस्थिति बनाउने हो टुंगो छैन । पुस २६ को कार्यतालिका ल्याउँदा सभापति देउवाले पार्टी फुट्न नदिन संस्थापन पक्षलाई लचिलो बनाएको दाबी गरिएको थियो । अब त्यो कार्यतालिकाले पनि निकास नदिने देखिइसकेको छ।

कांग्रेसका लागि चुनाव जितको मात्रै विषय बन्नुहुँदैन । 'क्षेत्र खाली गरिदिए हुन्थ्यो' भन्ने सार्वजनिक छवि बनाइसकेका नेताहरू चुनावको तयारीमा जुट्दा महामन्त्रीद्वयले आफ्नो क्षेत्र नछाडेरै पनि नयाँलाई अवसर दिने विधि बनाउन सक्थे । कांग्रेसभित्रको आन्तरिक किचलो र त्यसको निकास जेसुकै भए पनि चुनाव नलड्ने महामन्त्रीद्वयको आशयले कांग्रेसजनलाई पटक्कै ऊर्जा दिएको छैन । रवि र बालेनको सहकार्यका समाचारहरुबीच गगन र विश्वले चुनाव नलड्ने हेडलाइनहरूले पनि सामाजिक सञ्जालमा बहस सिर्जना गरेकै छन् । शुभेच्छुकले जति नै शुभेच्छा राखे पनि, विरोधीले जति नै तिक्तता साँधे पनि आमरुपमा कांग्रेसका महामन्त्रीद्वयलाई प्रश्न उठेकै छ । तर्सेको कि तर्साएको ?

# विज्ञापन नहुँदा करारकै जनशक्तिबाट...

अनुसार रिक्त दरबन्दीको विवरण पठाउन भन्दै साउनमै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई पत्राचार गरिएको थियो । मन्त्रालय तथा मातहतका निकायहरूको संगठन तथा व्यवस्थापन सर्वेक्षण (ओएनएम) अद्यावधिक गरी विवरण पठाउन अनुरोध गरिए पनि हालसम्म कुनै प्रतिक्रिया नआएको आयोगको भनाइ छ ।

लोकसेवा आयोगका अध्यक्ष शिवराम यादवले पछिल्ला तीन वर्षयता स्वास्थ्य सेवाको पदपूर्तिका लागि माग आकृति फाराम नै प्राप्त नभएको स्पष्ट पारे । आफूले १५ महिनाअघि कार्यभार सम्हालेयता स्वास्थ्य मन्त्रालयबाट कुनै पनि औपचारिक माग नआएको उनको भनाइ छ । माग आकृति फाराम प्राप्त भएपछि मात्र विज्ञापन गर्ने कानूनी व्यवस्था भएकाले आयोगले चाहेर पनि प्रक्रिया अघि बढाउन नसकेको उनले बताए । यसको प्रत्यक्ष असर प्रदेशका अस्पताल र प्रयोगशालामा देखिएको छ । जनकपुरधामस्थित ३ सय बेडको प्रादेशिक अस्पतालमा संघीय ओएनएम अनुसार ७ सय ३५ जनशक्ति आवश्यक पर्ने भए पनि हाल करिब ४ सय जनशक्ति मात्र कार्यरत छन् । तीमध्ये स्थायी कर्मचारी झण्डै ८० जना मात्रै रहेको अस्पताल प्रशासनको भनाइ छ । बाँकी करार, ज्यालादारी र डोर हाजिरीका कर्मचारीको भरमा सेवा सञ्चालन भइरहेको छ, जसका कारण प्रभावकारी सेवा दिन चुनौती बढ्दै गएको छ । जनकपुरधामसहित जलेश्वर, सिरहा, लहान, मलंगवा, गौर र कलैयाका प्रादेशिक अस्पतालको अवस्था पनि उस्तै छ । स्तरोन्नति भएर बेड संख्या बढे पनि स्थायी दरबन्दी भने पुरानै संरचनामा सीमित छन् । डुमरिया, धनकौल र पोखरिया अस्पताल तथा पालिकास्तरका प्रयोगशाला पनि अस्थायी कर्मचारीकै भरमा चलिरहेका छन्

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले भने आन्तरिक समस्या, विवादित कर्मचारी र माग फाराम नआएको कारण देखाउँदै यसपटक लोकसेवा आयोगमा विवरण नपठाइएको जनाएको छ । मन्त्रालयले स्थापना कालदेखि अहिलेसम्म अधिकांश निकायको ओएनएम नगरेको र बजेट छुट्याए पनि कार्यान्वयन हुन नसकेको स्वीकार गरेको छ । सचिवको जिम्मेवारीमा बारम्बार हुने अस्थिरताले समेत समस्या थपिएको मन्त्रालयका अधिकारीहरू बताउँछन् ।

विशेषज्ञहरूका अनुसार करार कर्मचारीको भरमा स्वास्थ्य सेवा चलिरहँदा सेवा गुणस्तर मात्र होइन, पारदर्शितामाथि पनि प्रश्न उठ्दै आएको छ । स्थायी जनशक्ति व्यवस्थापन नगर्दा आम नागरिक प्रभावकारी स्वास्थ्य सेवाबाट वञ्चित भइरहेका छन् । अब मन्त्रालय र मुख्यमन्त्री कार्यालयबीच समन्वय गरेर ओएनएम टुंग्याई स्थायी पदपूर्तिको प्रक्रिया अघि बढाउन दबाब बढ्दै गएको छ ।

# कतारमा चासोक तङनामको रौनक

**रामएकवाल राम**
**दोहा, कतार।**

किरात याक्थुङ चुम्लुङ कतारले लिम्बू समुदायहरुको महान् चाड चासोक तङ्नाम ५०८५ तथा राष्ट्रिय चाड उभौली यस वर्ष पनि कतारमा भव्य रूपमा मनाएका छन्।

शुक्रबार अबुहामुर स्थित आइडल इन्डियन स्कुलको प्राङ्गणमामा संस्थाका अध्यक्ष सागर तुम्बाहाङ्फे लिम्बूको सभापतित्वमा आदिवासी जनजाती महासंघ कतारका अध्यक्ष राकेश श्रेष्ठको प्रमुख आतिथ्यता तथा दोहामा स्थापित विभिन्न संघसंस्थाका अध्यक्ष, प्रतिनिधि, पत्रकार, कालकारलगायतको बाक्लो उपस्थिति थियो।



च्याब्रुङनाच, धाननाच, पालाम, हाक्पारे लगायतका याक्थुङ लिम्बूहरूको मौलिक सांस्कृतिक झाँकीसहित विधिवतरुपमा सञ्चालन भएको कार्यक्रममा संस्थाका विशेष सल्लाहकार डम्बर लिबाङ लिम्बुले स्वागत मन्तव्य राखेका थिए।

चाडलाई लिम्बु समुदायले चासोक तङनाम, राईले उधौली साकेला, सान्केवा, सुनुवारले फोलष्यादर र याख्खा जातिले चासुवा चाड भनी मनाउने गर्दछन । लिम्बू समुदायले नयाँ अन्न–बाली भित्र्याउनुअघि कुल देवता र प्रकृतिको पूजा गर्दै मनाउँदै आएको चासोक तङ्नाम परम्परागत रूपमा अत्यन्त महत्त्वपूर्ण पर्व मानिन्छ।

कार्यक्रममा नेपालबाट आएका गायक कुशल थलङ एनआरएनए आइडल कतार–२०२३ का गायन विजेता रुष्तम तामाङ, मेरो डान्स युनिभर्स सिजन–२ का टप २४ सुनिता दोङलगायत स्थानीय कलाकारको प्रस्तुति थियो।

कार्यक्रमलाई समापन गर्दै संस्थाका सभापति लिम्बुले संस्थाको निमन्त्रणा सहर्ष स्वीकार्दै उपस्थित भएका सम्पूर्ण व्यक्तित्व कार्यक्रमलाई सफल बनाउन प्रत्यक्ष अप्रत्यक्ष रुपमा साथ सहयोग गर्ने सम्पूर्णमा धन्यवाद ज्ञापन गरेका थिए । महासचिव बिरेन मादेन लिम्बुले कार्यक्रम सहजीकरण गरेका थिए।

# दलित विद्यार्थीलाई सामग्री प्रदान

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साका विभिन्न दलित बस्तीमा सञ्चालित निःशुल्क ट्युसन कक्षामा पढ्ने १ हजार दलित बालबालिकाका लागि बोधिसत्वा बिहार बुढानिलकण्ठ काठमाडौँले विभिन्न सामग्री सहयोग गरेको छ । फिस फर दलित फाउन्डेसन पर्साले जिल्लाका चार स्थानका दलित बस्तीमा सञ्चालन गरेको सामुदायिक निःशुल्क ट्युसन कक्षा तथा सिकाई सुधार केन्द्रमा हाल १ हजार बढी दलित बालबालिका अध्ययनरत छन् ।

उनीहरुका लागि प्लाष्टिकको कुर्सी, टेबल, भूइँमा ओछ्याएर बस्ने चकटी, कापी, कलमलगायतका सामग्री प्रदान गरेको हो । दलित बस्तीमा पुगेर टोलीले दलित बालबालिकालाई ती सामग्री हस्तान्तरण गरेको फिस फोर दलित फाउन्डेसन पर्साका अध्यक्ष मनोज रामले जानकारी दिए । अध्यक्ष रामका अनुसार, विद्यालय शिक्षाको पहुँचबाट वञ्चित दलित समुदायका बालबालिकाले फाउन्डेसनले सखुवा प्रसौनी गाउँपालिका वडा नम्बर ३ कौवाबनको मुसहर बस्ती, त्यही वडामा पर्ने कटैयाको दलित बस्ती, वडा नम्बर ५ महुवन गाउँको दलित बस्ती र वीरगंज वडा नम्बर १९ केहुनियाको दलित बस्तीमा गरी चार स्थानमा सामुदायिक निःशुल्क ट्युसन कक्षा सञ्चालन गर्दै आइरहेको छ ।

पर्सामा अहिले पनि दलित बालबालिकाहरुले विद्यालय छोडने दर उच्च रहेको छ, दलितहरु प्रायः ज्याला मजदुरीमै रहेका कारण उनिहरुका बालबालिकाहरु गरिबीको बहानाले विद्यालय बीचमै छोड्ने गरेको जस्ता कारणले बालबालबालिका विद्यालय शिक्षाबाट वञ्चित हुने गरेको अध्यक्ष रामले बताए ।

# स्वास्थ्य शिविरबाट ३ सय बढी लाभान्वित



**मधेशदृष्टि**
**वीरगंज ।**
नेशनल मेडिकल कलेज, वीरगंज तथा प्रिस्टिन भ्याली ड्राइपोर्ट, वीरगंजको संयुक्त आयोजनामा नेपाल राष्ट्रिय आधारभूत विद्यालय, वीरगंजमा निःशुल्क स्वास्थ्य शिविर भएको छ । शिविरमा सर्वसाधारणका लागि निःशुल्क स्वास्थ्य परीक्षण, विशेषज्ञ चिकित्सकद्वारा परामर्श तथा आवश्यक औषधि वितरण गरिएको थियो ।

शिविर बिहान १० बजेदेखि सञ्चालन गरिएको थियो । शिविरको मुख्य उद्देश्य मधुमेहलगायत विभिन्न दीर्घकालीन तथा सामान्य स्वास्थ्य समस्याको प्रारम्भिक पहिचान, उपचार परामर्श तथा स्वास्थ्य सचेतना अभिवृद्धि गर्नु रहेको आयोजकले जनाएको छ । शिविरमा ३ सय १२ जना नागरिकले सेवा लिएका थिए । शिविरमा रक्तचाप, रगतमा चिनीको मात्रा, तौल, उचाइ तथा अन्य प्रारम्भिक स्वास्थ्य परीक्षणपछि सम्बन्धित विषयका विशेषज्ञ चिकित्सकद्वारा परामर्श सेवा प्रदान गरिएको थियो । सेवाको सहज व्यवस्थापनका लागि दर्ता, प्रारम्भिक परीक्षण तथा चिकित्सक परामर्शका लागि छुट्टाछुट्टै कक्षको व्यवस्था गरिएको थियो ।

कार्यक्रममा प्रिस्टिन भ्याली ड्राइपोर्ट तर्फबाट प्रमुख कार्यकारी अधिकृत राजीव मोहन झा, दिगोपन विभाग प्रमुख सुवजित नायक तथा आयातनिर्यात विभाग प्रतिनिधि राहुल पटेलको उपस्थिति थियो ।

त्यसैगरी नेशनल मेडिकल कलेज, वीरगंजबाट प्रमुख सूचना अधिकृत इञ्जिनियर प्रदीप कुमार चौधरी, मार्केटिङ प्रबन्धक जितेश चन्द्र दास तथा विद्यार्थी क्लब अध्यक्ष डा. प्रशान्त भण्डारीको सहभागिता थियो । चिकित्सकीय सेवामा जेनरल फिजिसियन डा. सुधाकर झा तथा स्त्रीरोग विशेषज्ञ डा. मधु साहले प्रत्यक्षरूपमा स्वास्थ्य परीक्षण तथा परामर्श सेवा प्रदान गरेका थिए । कार्यक्रमका क्रममा वक्ताले समुदायस्तरमै पुगेर स्वास्थ्य सेवा उपलब्ध गराउनु प्रारम्भिक रोग पहिचान, जनस्वास्थ्य प्रवद्र्धन तथा आधारभूत स्वास्थ्य सेवामा पहुँच विस्तारका लागि अत्यन्त महत्वपूर्ण रहेको धारणा व्यक्त गरे ।


## कम्पनीको नाम परिवर्तनसम्बन्धी सूचना

*तेस्रोपटक प्रकाशित मितिः २०८२ पुस १३ गते*

श्री कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाडौँको मिति २०८२।०८।२१ को निर्णयअनुसार सहकारी मिडिया प्रा.लि. (दर्ता नम्बर ३७८६६८) को नाममा रहेको सम्पूर्ण चल अचल श्रीसम्पति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदी परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी यस कम्पनीको नाम सहकार्य नेटवर्क प्रा.लि. कायम भएको हुँदा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


# ज्ञानदा माविमा खेलकुलका कार्यक्रम सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजस्थित ज्ञानदा एकेडेमीको वार्षिक खेलकुद कार्यक्रम भएको छ । प्राथमिक चरणदेखिका प्लस टु चरणसम्मका विद्यार्थीले विभिन्न खेलकुद विधिमा प्रतिस्पर्धा गरेका थिए । एक हप्तासम्म चलेको खेलकुद कार्यक्रम विधिवत समापन भएको ज्ञानदा एकेडेमीका प्रमुख कार्यकारी अधिकृत राजेन्द्र कोइरालाले जानकारी दिए । उनले यस्ता प्रतियोगिताले विद्यार्थीलाई शारिरीक र मानसिक रुपमा स्वस्थ्य रहन सहयोग पुर्याउने उल्लेख गरे । कार्यक्रममा श्रीजंग गणका गणपति लोकेन्द्र कार्की, सशस्त्र प्रहरी उपरीक्षक पुरन भट्टलगायत विभिन्न क्षेत्रका व्यक्तिको उल्लेख्य उपस्थिति थियो ।


## हरि खेतान बहुमुखी क्याम्पस

वीरगंज, पर्सा

(त्रिभुवन विश्वविद्यालयसँग सम्बन्धनयुक्त)

**सूचना! सूचना !! सूचना !!!**

यस क्याम्पसमा प्रशासन प्रमुख पदको पूर्तिका लागि निम्न विवरण अनुसार दरखास्त आह्वान गरिएको छः

**पदः प्रशासन प्रमुख**
समूहः प्रशासन
आवश्यक संख्याः १ (एक)

**योग्यताः**
– मान्यता प्राप्त शिक्षण संस्थाबाट २ / स्नातक वा स्नातकोत्तर तह उत्तीर्ण ।
– क्याम्पस/विद्यालय प्रशासन, व्यवस्थापन वा सम्बन्धित क्षेत्रमा अनुभव भएकोलाई विशेष प्राथमिकता ।
– कम्प्युटर तथा अफिस व्यवस्थापन सम्बन्धी ज्ञान ।
– टीमवर्क, नेतृत्व क्षमता र संचार कौशल भएका ।
– उमेर हद ४० वर्ष भन्दा बढी हुनु भएनन् ।

**आवश्यक कागजातहरूः**
– दरखास्त पत्र
– शैक्षिक योग्यताको प्रमाणपत्रहरू (प्रतिलिपि)
– नागरिकता प्रमाणपत्र (प्रतिलिपि)
– अनुभव प्रमाणपत्र (यदि भए)
– २ प्रति पासपोर्ट साइज फोटो

**दरखास्त दिने मितिः** सूचना प्रकाशित भएको मितिबाट १५ दिनभित्र क्याम्पस प्रशासनमा कार्यालय समयभित्र दरखास्त दिन सकिनेछ ।

**सम्पर्कः**
क्याम्पस प्रमुख
**हरि खेतान बहुमुखी क्याम्पस**
वीरगंज, पर्सा
☎+977-51-522961 +977-51-526167
Email:- Info@hkmc.edu.np


# 'स्वास्थ्यको कार्यक्रममा जनप्रतिनिधि नै आउँदैनन्'

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा जिल्लामा रहेका पालिकाका जनप्रतिनिधिको स्वास्थ्य कार्यक्रममा सहभागीता न्यून हुने गरेकामा स्वास्थ्यका क्षेत्रमा कार्यरत सरोकारवालाले गुनासो गरेका छन् । जनस्वास्थ्यसँग सम्बद्ध कार्यक्रममा सहभागिताका लागि औपचारिक निमन्त्रण दिँदा पनि जनप्रतिनिधिले त्यसलाई अनेदखा गर्दै आएको र त्यसका कारण कार्यक्रम प्रभावकारी हुन समस्या हुन गरेको उनीहरुले गुनासो गरेका छन् ।

पर्साको ठोरी गाउँपालिकाको सभाकक्षमा स्वास्थ्य कार्यालय पर्साले आयोजना गरेको 'नियमित खोप कार्यक्रम शुद्धिकरणका लागि निर्वाचित जनप्रतिनिधि तथा सरोकारवालासँग पैरवी कार्यक्रम'मा यस्तो गुनासो गरिएको हो । कार्यक्रममै जिल्लाका १४ पालिकाका प्रमुख र उप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृत र स्वास्थ्य शाखा प्रमुखलाई अनिवार्य सहभागिताका लागि आमन्त्रण गरिएको थियो । तर कार्यक्रममा १४ मध्ये ठोरी, जगरनाथपुर र धोबिनी गरी ३ वटा पालिकाका प्रमुख मात्रै सहभागी भए ।

# शिक्षामन्त्री तिवारीद्वारा केन्द्रीय मन्त्री पुनसँग छलफल

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशलाई साक्षर प्रदेश घोषणा गर्ने लक्ष्यसहित मधेशका शिक्षामन्त्री रानी शर्मा तिवारीले केन्द्रीय शिक्षा मन्त्री महावीर पुनसँग छलफल गरेकी छन् । लक्ष्य कार्यान्वयनका लागि केन्द्र सरकारसँग सहकार्यलाई प्राथमिकतामा राख्दै मधेशका शिक्षा तथा संस्कृति मन्त्री तिवारीले केन्द्रीय शिक्षा मन्त्रीसँग औपचारिक छलफल गरेकी हुन् ।



मन्त्री तिवारीले मन्त्रालयको कार्यभार सम्हालेपछि पहिलो निर्णयका रूपमा अघि सारिएको 'साक्षर मधेश' अभियान कार्यान्वयन गर्न आवश्यक समन्वय र सहकार्यका विषयमा पहल गर्दै संघीय सरकारका शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री महावीर पुनसँग भेटघाट तथा छलफल भएको जानकारी दिइन् ।

भेटमा मधेश प्रदेशलाई साक्षर प्रदेश घोषणा गर्ने लक्ष्य, लक्ष्य हासिल गर्न प्रदेश र संघीय सरकारबीच सहकार्य गर्न सकिने क्षेत्र, तथा प्रदेशमा विद्यमान शैक्षिक अवस्था र साक्षरता दर सुधारका उपायबारे विस्तृत रूपमा छलफल भएको मन्त्री तिवारीले बताइन् ।

छलफलमा विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि, विद्यालय बाहिर रहेका बालबालिकालाई शिक्षाको मूलधारमा ल्याउने लगायतका विषयमा विशेष ध्यान केन्द्रित गरिएको थियो ।

साथै, संघीय सरकारले प्रदेशलाई आवश्यक प्राविधिक, नीतिगत तथा संस्थागत सहयोग उपलब्ध गराउने विषयमा समेत विचार–विमर्श भएको मन्त्रालयले जनाएको छ ।

भेटघाटका क्रममा मन्त्री तिवारीले मधेश प्रदेशमा शिक्षाको पहुँच र गुणस्तर दुवै सुधार गर्नु प्रदेश सरकारको प्रमुख प्राथमिकता रहेको स्पष्ट पारेकी थिइन् । शिक्षा मन्त्री महावीर पुनले संघीय सरकारको तर्फबाट आवश्यक सहयोग र सहकार्य रहने प्रतिबद्धता व्यक्त गरेको मन्त्रालय स्रोतले जनाएको छ ।

# आज महायज्ञ समापन हुँदै

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको बहुदरमाई नगरपालिकाको आयोजनामा शुरु भएको पाँचदिने गायत्री महायज्ञ आज आइतबार समापन हुने भएको छ । मुलुकको शान्ति र पालिकाको समृद्धिको कामना गर्दै बहुदरमाई वडा न. ४ डकैला बहुअरीमा, पुस ९ गतेबाट महायज्ञ शुरु भएको हो । महायज्ञमा ५१ वटा हवन कुण्डमा जप भइरहेको आयोजक पालिकाले जनाएको छ ।

५१ वटा कुण्डमा ५१ जोडी जोडी गुरु पुरोहितले आरधना गरिरहेका छन् । यज्ञमा हरिद्वारबाट आएका धर्मगुरुहरुले प्रवचन दिरहेका छन् । हरेक दिन साँझ र बिहान प्रवचन हुने गरिएको महायज्ञमा प्रवचन सुन्न एवम् हिन्दूधर्म परम्पराअनुसारको संस्कार र कर्म सम्पन्न भइरहेका छन् । श्रद्धालुभक्तजनको लागि सहज व्यवस्था मिलाइएको महायज्ञ मूल समारोह समितिका अध्यक्ष, तथा बहुदरमाई नगरपालिकाका मेयर, सिंहासन साह तेलीले जानकारी दिए । महायज्ञमा वीरगंजलगायत विभिन्न स्थानबाट दैनिक हजारौँ श्रद्धालु भक्तजनहरू पुग्ने गरेका छन् ।

# जाडोले जनजीवन कष्टकर वीरगंजमा...

चिसो बढेपछि वीरगंजका बजार क्षेत्र, सडक तथा सार्वजनिक स्थानमा मानिसको चहलपहल कम देखिएको छ । बिहानको समयमा विद्यालय जाने विद्यार्थी न्यानो कपडामा ढाकिएर हिँड्न बाध्य भएका छन् । स्वास्थ्यकर्मीले चिसोका कारण रुघाखोकी, ज्वरो, दम तथा श्वासप्रश्वाससम्बन्धी समस्या बढ्नसक्ने भन्दै न्यानो कपडा लगाउन, तातो खानेकुरा सेवन गर्न र अनावश्यक रूपमा चिसोमा नबस्न सुझाव दिएका छन् । स्थानीय प्रशासनले चिसोबाट बढी जोखिममा परेका समुदायलाई ध्यानमा राख्दै आवश्यक सतर्कता अपनाउन सर्वसाधारणलाई आग्रह गरेको छ । मौसमविद्हरूका अनुसार अझै केही दिन चिसो यथावत् रहने सम्भावना छ ।

यस्तै, बढ्दो शीतलहर र प्रतिकूल मौसमका कारण वीरगंज महानगरपालिकाले यसअघि घोषित विद्यालय बिदा थप गर्ने निर्णय गरेको छ । मौसममा सुधार नआएपछि थप दुई दिन बिदा बढाइएको हो । पुस १३ र १४ गतेसमेत विद्यालय बन्द रहने भएका छन् । त्यस्तै पुस १५ गते तमु ल्होसार परेको कारण सार्वजनिक बिदा परेको हुँदा विद्यालयहरू बुधवारदेखि मात्र नियमित सञ्चालन हुने शैक्षिक प्रशासन महाशाखाका प्रमुख आनन्द लामिछानेले जानकारी दिए । विगत केही दिनदेखि मधेश प्रदेशमा पश्चिमी वायुको प्रभावका कारणले शीतलहर चलेपछि चिसो अत्यधिक बढेको छ । चिसो चिसो बढेपछि मधेश प्रदेशको जनजीवन प्रभावित बनेको छ । शनिबार बिहान शीतको वर्षा भएको र दिनभरि नै घाम नलागेकाले यस वर्षकै सबैभन्दा चिसो अनुभूति भएको सर्वसाधारणको भनाइ छ । अत्यधिक चिसोका कारण बालबालिका, ज्येष्ठ नागरिक, वृद्ध वृद्धा, दीर्घ रोगीहरू, बाथ तथा गेठीयाका बिरामीलाई समस्या भएको छ । अत्यधिक चिसोका कारण स्वास्थ्य संस्थामा उपचारका लागि आउनेको संख्या बढेको छ छ । चिसोको समयमा पुरै शरीर नै ढाक्ने लुगा लगाउन तथा तातो पानी एवम् खानेकुरा मात्र खान चिकित्सकहरूले सल्लाह दिएका छन् ।

# सिर्सिया बचाउ अभियान दोस्रो सातामा

**मधेशदृष्टि**
**वीरगंज ।**
तीन दशकभन्दा लामो समयदेखि औद्योगिक फोहोरका कारण प्रदूषित बनेको सिर्सिया नदी संरक्षणका लागि वीरगंजका जेन्जी पुस्ताका युवाले शुरु गरेको 'सिर्सिया नदी बचाऊ अभियान' दोस्रो सातामा प्रवेश गरेको छ । अभियानअन्तर्गत युवाले निरन्तर सरसफाइ तथा जनजागरण कार्यक्रम गर्दै नदी प्रदूषणको वास्तविक अवस्था सरोकारवालासमक्ष पु¥याइरहेका छन् । अभियानका संयोजक किसु सर्राफको नेतृत्वमा करिब ३० जना युवा स्वतःस्फूर्त रूपमा सहभागी भएका हुन् । दोस्रो साताको कार्यक्रममा युवा रानीघाट क्षेत्रमा भेला भई नदी आसपास सरसफाइमा जुटेका छन् । क्रममा नदीबाट संकलन गरिएको प्रदूषित पानी साङ्केतिक विरोधस्वरूप पूर्व प्रतिनिधिसभा सदस्य तथा राप्रपाकी समानुपातिक सांसद विना जयसवाल कुर्मीलाई बोतलमा बुझाइएको छ । युवाले नदी संरक्षणका लागि संसद र सरोकारवाला निकायमा आवाज उठाउन आग्रह गरेका छन् ।

# स्थायी कर्मचारीबारे अद्यावधिक...

तहमा कार्यरत स्थायी कर्मचारीको भौतिक अभिलेख प्रदेश किताबखानामा उपलब्ध नभएकाले अभिलेख व्यवस्थापनमा गम्भीर कठिनाइ भइरहेको मुख्यमन्त्री कार्यालयले जनाएको छ । स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ अनुसार संगठन संरचना, पद दर्ता तथा कर्मचारी अभिलेख राख्ने जिम्मेवारी प्रदेश किताबखानाको भए पनि आवश्यक विवरण नपुग्दा काम अवरुद्ध भएको कार्यालयको भनाइ छ ।

यसैकारण, सबै स्थानीय तहलाई स्वीकृत संगठन संरचना र दरबन्दी विवरणसहित हाल कार्यरत स्थायी कर्मचारी (साविक संघ, स्थानीय सेवा तथा अन्य सेवा समेत) का छुट्टाछुट्टै व्यक्तिगत फाइल तयार गरी एक महिनाभित्र प्रदेश किताबखानामा बुझाउन निर्देशन दिइएको छ ।

व्यक्तिगत फाइलमा सिटरोल दर्ता सिफारिस पत्र, कार्यालय प्रमुखबाट प्रमाणित सिटरोल, फोटोसहित प्रमाणित प्रतिलिपि, शुरुको स्थायी नियुक्तिदेखि हालसम्मका सम्पूर्ण सेवासम्बन्धी कागजात, समायोजन ऐनअनुसारको पत्र, शपथग्रहण प्रमाणपत्र, निरोगिताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यता तथा तालिम प्रमाणपत्र अनिवार्य गरिएको छ ।

नागरिकतामा उल्लेख भएको ठेगानाभन्दा फरक ठेगाना सिटरोलमा उल्लेख गरिएको अवस्थामा बसाइँसराइ प्रमाणपत्र, महिलाको हकमा विवाह दर्ता प्रमाणपत्र संलग्न गर्नुपर्ने व्यवस्था गरिएको छ । नाम, थर, ठेगाना वा जन्ममितिमा फरक परे सम्बन्धित स्थानीय तह वा जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र पनि आवश्यक पर्ने जनाइएको छ । त्यसैगरी, स्थानीय तहको संगठन तथा दरबन्दीसम्बन्धी विवरणमा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ६ अनुसार गठन भएको समितिको प्रतिवेदन र दफा ७ को उपदफा (४) बमोजिमका सम्पूर्ण कागजात बुझाउन भनिएको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका उपसचिव रोहित कुमार कोइरालाद्वारा हस्ताक्षरित पत्रमार्फत पठाइएको निर्देशनमा समयमै विवरण नआए कर्मचारी सूचना प्रणाली अद्यावधिक तथा सेवा व्यवस्थापनमा थप समस्या उत्पन्न हुने चेतावनी दिइएको छ ।

प्रदेश सरकारले अघि सारेको 'व्यावसायिक र सिर्जनशील प्रशासनः विकास, समृद्धि र सुशासन' भन्ने नारालाई व्यवहारमा उतार्न स्थानीय तहहरूको सक्रिय सहकार्य अपरिहार्य रहेको मुख्यमन्त्री कार्यालयको निष्कर्ष छ ।`

# शहीदनगरमा सुशासन माग्दै युवाको आन्दोलन




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको शहीदनगर नगरपालिकामा भ्रष्टाचार नियन्त्रण, सुशासन र पारदर्शिता सुनिश्चित गर्न स्थानीय युवाहरू संगठित आन्दोलनमा उत्रिने भएका छन् । 'हामी युवा' नामक संस्था गठन गर्दै युवाहरूले नगरपालिकामा देखिएको बेथिति र अनियमितता विरुद्ध पुस २० गतेदेखि चरणबद्ध आन्दोलन गर्ने घोषणा गरेका हुन् ।

शनिबार जनकपुरधाममा आयोजित पत्रकार सम्मेलनमार्फत युवाहरूले लामो समयदेखि उठाउँदै आएका मागलाई नगरपालिकाले बेवास्ता गरेपछि बाध्य भएर आन्दोलनको बाटो रोज्नुपरेको बताएका छन् । उनीहरूका अनुसार शिक्षा, स्वास्थ्य, खेलकुद तथा समग्र नगर विकाससँग सम्बन्धित विषय समेटेर नगरप्रमुखसमक्ष यसअघि नै २७ बुँदे माग प्रस्तुत गरिएको थियो । तर, ती मागमा हालसम्म कुनै ठोस पहल नभएको युवाहरूको आरोप छ ।

युवाहरूले २०८२ साल कार्तिक २३ गते नगरप्रमुखलाई ध्यानाकर्षण पत्र बुझाउँदै प्रशासनिक पारदर्शिता, आर्थिक अनुशासन र प्रभावकारी सेवा प्रवाहका लागि सुझाव दिएका थिए । तर, नगरप्रमुखले ती मागलाई 'हावादारी' भन्दै गम्भीरतापूर्वक नलिएको उनीहरूको भनाइ छ ।

'हामीले उठाएका माग कुनै व्यक्तिगत स्वार्थका लागि होइनन्, नगरको सुशासन र नागरिकको अधिकार सुनिश्चित गर्नका लागि हुन्,' युवाहरूका तर्फबाट अरुण यादवले भने । उनले जनताको करबाट आउने बजेट र निर्णयहरू सार्वजनिक नगर्न खोज्दा शंका बढेको उल्लेख गर्दै अब दबाबमूलक कार्यक्रम अपरिहार्य भएको बताए ।

युवाहरूले राखेका प्रमुख मागहरूमा नगरपालिकाको रेडबुक सार्वजनिक गर्नुपर्ने, नगर कार्यपालिकाका बैठकका निर्णयहरू नियमित रूपमा सार्वजनिक गर्नुपर्ने र अस्थायी, करार तथा ज्यालादारीमा कार्यरत सबै कर्मचारीको विवरण नगरपालिकाको वेबसाइटमा राखिनुपर्ने समावेश छन् ।

यसका साथै, प्रत्येक वडामा नियमित सरसफाइको व्यवस्था गर्नुपर्ने, नगरभित्र रहेका शिक्षक दरबन्दी, विद्यार्थी संख्या लगायतका शैक्षिक तथ्यांक सार्वजनिक गर्नुपर्ने तथा सबै वडामा खेलकुद मैदान निर्माण गर्नुपर्ने माग पनि अघि सारेका छन् ।

युवाहरूका अनुसार यी माग पूरा भएमा नगरपालिकामा पारदर्शिता बढ्नुका साथै भ्रष्टाचार नियन्त्रणतर्फ ठोस पहल भएको अनुभूति नागरिकले गर्न सक्नेछन् । माग पूरा नभए शान्तिपूर्ण तर सशक्त आन्दोलन अघि बढाइने चेतावनीसमेत उनीहरूले दिएका छन् ।

# ज्योति डिस्टिलरीमा बिस्फोट एकको मृत्यु, ६ घाइते



**राकेश यादव**
**रौतहट ।**
कटहरिया नगरपालिका वडा नम्बर ९ डुमरियामा सञ्चालित एक उद्योगमा शनिबार बिहान विस्फोट हुँदा एक जना कामदारको मृत्यु भएको छ । ज्योति डिस्टिलरीमा शनिबार बिहान करिब साढे आठ बजेको समयमा शक्तिशाली विस्फोट हुदा घटनामा परेर अरु ६ कामदार घाइते भएका छन् ।

जिल्ला प्रहरी कार्यालय रौतहटका अनुसार उद्योगमा प्रयोग गरिएको बोइलर नामको मेसिन तातेर बिस्फोट हुदा उद्योगमा काम गर्ने कामदार कटहरिया नगरपालिका वडा नम्बर ८ बस्ने ४५ वर्षीय लक्ष्मण राय यादवको घटनास्थलमा नै मृत्यु भएको हो ।

दुर्घटनामा उद्योगमा काम गर्ने रहमोद आलम, ३५ वर्षीय प्रमजित यादव, जगदीश यादव (हात खुट्टा जलेको), ५५ वर्षीय बिगन यादव (हात खुट्टा जलेको), ४० वर्षीय कैलाश माली र गरुडा नगरपालिका ५ का ४० वर्षीय मुकेश यादव (हात खुट्टा जलेको) घाइते भएको प्रहरीले जनाएको छ ।

घटनामा गम्भीर घाइते जगदीश यादव, बिगन यादव र मुकेश यादवलाइ थप उपचारका लागि वीरगंज पठाइएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता प्रहरी नायव उपरीक्षक बिष्णु प्रदीप बस्यालले जानकारी दिए ।

विस्फोटको कारण उद्योगमा ठूलो क्षति पुगेको र घटनाको कारणबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# मोटरसाइकलको डिक्कीभित्र गाँजा



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको पटेर्वा सुगौली गाउँपालिका वडा नम्बर ५ मनिहर्वा चोकबाट शनिबार सशस्त्र प्रहरीले लागू औषध गाँजासहित दुईजनालाई पक्राउ गरेको छ ।

हुलाकी सडकखण्डमा पर्ने मनिहर्वा चोकमा शनिबार सशस्त्र प्रहरी नायब उपरीक्षक शम्भु कटुवालको नेतृत्वमा खटिएको टोलीले ९ केजी ३ सय ग्राम गाँजासहित दुई जनालाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा पर्साकै पकहाँ मैनपुर गाँउपालिका वडा नम्बर ५ सबैठवाका ४३ वर्षीय रबिन्द्र महतो र भारतको बिहार राज्यको बेतिया जिल्लाको झुक घर भएका ३७ वर्षीय अशोक महतो छन् ।

मनिहर्वा चोकमा रबिन्द्र सवार बीआर२२यू ११७८ नम्बरको मोटरसाइकल सशस्त्र प्रहरीले खानतलाशी गर्दा मोटरसाइकलको डिक्की भित्रबाट ५ किलोग्राम गाँजा बरामद भएको हो । त्यस्तै अशोक सवार रहेको बीआर२२ए ५३०२ नम्बरको मोटरसाइकलको सिटमुनि लुकाएर राखिएको ४ किलो ३ सय ग्राम गाँजा बरामद भएको सशस्त्र प्रहरी नायब उपरीक्षक विश्वराज योञ्जनले जानकारी दिए ।

गाँजा भेटिएपछि दुवै मोटरसाइकलसहित त्यसका चालकद्वय रबीन्द्र र अशोकलाई नियन्त्रणमा लिएर आवश्यक कारबाहीका लागि इलाका प्रहरी कार्यालय पटेर्वासुगौलीमा बुझाइएको योञ्जनले जानकारी दिए ।

# तेल चोरी गर्ने तीनजना समातिए

**राजेश केशरीवाल**
**रक्सौल ।**
तेल चोरी र नक्कली पेट्रोल–डिजेल उत्पादनमा संलग्न रहेको आरोपमा मोतीहारी प्रहरीले मझरियाबाट तीन जनालाई नियन्त्रणमा लिएको छ ।

पक्राउ परेकाहरू एक ठूलो गिरोहको सदस्य हुन सक्ने भन्दै प्रहरीले अनुसन्धान जारी रहेको हुँदा उनीहरूको नाम सार्वजनिक गरेको छैन ।

प्रहरीले तीन जनालाई पक्राउ गरेसँगै घटनास्थलबाट ठूलो परिमाणमा तेल, ड्रम, मेसिन उपकरण र रासायनिक पदार्थ बरामद गरिएको जनाएको छ ।

पक्राउ परेकाले लामो समयदेखि नेपाली तेल ट्यांकरबाट तेल चोरी गर्दै आएको साथै केमिकल प्रयोग गरी नक्कली पेट्रोल र डिजेल बनाउदै आएको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीको दाबी छ ।

# तराई–मधेश द्रुतमार्गमा ३८ प्रतिशत प्रगति

**मधेशदृष्टि**
**वीरगंज ।**
काठमाडौँ–तराई–मधेश द्रुतमार्ग अन्तर्गत मकवानपुरको लेनडाँडामा पुल निर्माण कार्य तीव्र रूपमा भइरहेको छ । मकवानपुरगढी र बकैया गाउँपालिकामा पर्ने यस स्थानमा २ सय ७० मिटर लामो तथा नेपालकै सबैभन्दा अग्लो भूकम्प प्रतिरोधी पुल निर्माण भइरहेको हो । पुल सम्पन्न भएपछि ८१ मिटर उचाइको हुने नेपाली सेनाको लेनडाँडा बेस क्याम्पका कार्यालय प्रमुख सेनानी निरोज गौतमले जानकारी दिए । राष्ट्रिय गौरवको आयोजनाको रूपमा रहेको ७१.५ किलोमिटर लामो द्रुतमार्ग नेपाली सेनाको व्यवस्थापनमा निर्माण भइरहेको छ । आयोजनामा ८९ वटा ठूला पुल र ६ वटा शुरुङ निर्माण गर्ने योजना रहेकोमा हाल ३ शुरुङ र ५ पुल सम्पन्न भइसकेका छन् । द्रुतमार्गको समग्र भौतिक प्रगति हाल ३८ प्रतिशत छ ।

# बंगलादेशमा हिन्दू युवाको हत्याविरुद्ध जनकपुरधाम र वीरगंजमा प्रदर्शन




**मधेशदृष्टि**
**काठमाडौँ ।**
बंगलादेशमा हिन्दू युवाको भएको निर्मम हत्याविरुद्ध मधेश प्रदेशको राजधानी जनकपुरधाम र वीरगंजमा प्रदर्शन भएको छ । महिला अभियानी जनकपुरधामको ब्यानर र नेतृ विभा ठाकुरको नेतृत्वमा शुक्रबार जनकपुरधाममा हिन्दू दिपु चन्द्र दासको हत्याविरुद्ध प्रदर्शन गरिएको हो ।

बंगलादेश सरकार मूर्दावाद, हिन्दू हत्या बन्द गर, दिपु चन्द्र दासको हत्यारालाई फाँसी दे, जमाते इस्लाम मूर्दावाद र रोहिंग्या मुसलमान घुसपैठ बन्द ब्यानरसहित महिला अभियानीले प्रदर्शन गरेका थिए ।

यसैगरी, जमिअत उलेमा ए नेपाल बारा र पर्सा जिल्ला समितिले पनि हत्याविरुद्ध वीरगंजमा शनिबार प्रदर्शन गरेको छ । जमिअत उलेमा ए नेपालका उपाध्यक्ष मौलाना अलि असगर मदानीको नेतृत्वमा निकालिएको र्यालीमा मुस्लिम समुदायका अगुवाले प्रदर्शन गरेका थिए ।

दिपु चन्द्र दासको हत्यारालाई फाँसी दे, बंगलादेश सरकार मूर्दावाद, बंगलादेशमा हिन्दूको हत्या बन्द गर, मोहम्मद युनुस मूर्दावाद र हिन्दू मुस्लिम एकता जिन्दावादको नारा लगाइएको थियो ।

# उखु किसानलाई धपेडी



**महोत्तरी ।**
उखु किसानलाई अहिले धपेडी छ । चैतेबाली लगाउने बेला घर्कँदै गर्दा खुट्टी (दोस्रो वर्षको बाली) उखु काटेर चिनी उद्योगमा पु¥याउन र पेलेर सख्खर बनाउन किसानलाई धपेडी परेको हो ।

भङ्गाहा–४ प्रेमनगरका किसान रामविलास महतोले पुस तेस्रो साताभित्र चैतेबाली लगाइसक्नुपर्ने भएकाले आफूहरू त्यसैमा लागेको बताए । उनले भने, 'समयको चाप छ, त्यसैले हाल मुटु कँपाउने जाडो पनि नभनी उखुको काममा जोतिनुपरेको छ ।'

यता एक पटक लगाइएको उखु खेतीबाट दुई वर्ष बाली लिइन्छ । पहिलो वर्षको बालीलाई 'मुडन' र दोस्रो वर्षकोलाई 'खुट्टी' भनिन्छ । हाल खुट्टी उखु भएको जग्गामा तत्काल चैते (चैती) बाली लगाउनुपर्ने बाध्यता छ ।

'गहुँ त पुस २२ सम्म लगाइसक्नुपर्छ, वैशाखी (चैत र वैशाखमा उत्पादन लिइने) तरकारी पनि ढिलोमा पुसभरिमा लगाइसक्नुपर्छ,' बर्दिबास–७ चौखिका किसान जगन्नाथ महतो भन्छन्, 'उखु व्यवस्थापन नगरी चैतेबाली नलाग्ने हुँदा हाल हामीलाई सास फेर्ने फुर्सतसमेत नभएको अवस्था छ ।' जिल्लाको उत्तरी क्षेत्रको जग्गा चाँडै रुखो हुने हुँदा पुस महिनाभित्रै बाली लगाउन नपाए छ महिना बाँझो पर्ने चिन्ताले किसान दिनरात नभनी उखु व्यवस्थापन लागेका उनले बताए ।

जिल्लाको गौशाला–१ रामनगरस्थित एभरेष्ट सुगर एण्ड केमिकल इण्डष्ट्रिजले गत सोमबारदेखि उखु 'क्रसिङ' शुुरु गरिसकेको छ । हाल किसानले धमाधम उद्योगमा उखु पु¥याइरहेका छन् । कतिपयले घरआँगनमै उखु पेलेर सख्खर बनाउन थालेका छन् ।

गौशाला–१२ कालीपुरका किसान भोगेन्द्र महतोले भने, 'मुडन उखु त झण्डै चैतसम्मै काट्दा पनि हुन्छ, खुट्टी काट्ने समय भने बितिसक्यो । खुट्टी उखु काटेरमात्र नभइ त्यसलाई पेल्ने र सख्खर बनाउनेसम्मको चाँजो सँगसँगै गर्नुपर्ने हुँदा भ्याइनभ्याइ परेको छ ।'

जिल्लामा यसपालि नौ हजार ६०० बिघामा रहेको उखुखेतीमध्ये पाँच हजार बिघामा खुट्टी छ । उखु उत्पादक कृषक सङ्घका जिल्ला अध्यक्ष नरेशसिंह कुशवाहाले मङ्सिर १५ भित्रै खुट्टी उखु कटान गर्न चिनी उद्योग सञ्चालन हुन पर्नेमा त्यसमा ढिलाइ हुँदा किसानलाई केही धपेडी परेको बताए । 'हामीले सरकारलाई प्रत्येक वर्ष कात्तिक १५ भित्र चिनी उद्योग, उखु उत्पादक किसानका प्रतिनिधि र सरकारबीचको सहमतिमा उखुको मूल्य निर्धारण र मङ्सिर १५ बाट क्रसिङ सञ्चालन हुनुपर्ने माग राख्दैआएका छौँ,' उनले भने, 'सोअनुसार तालिका कार्यान्वयन नहुँदा किसानलाई कठिनाइ भइरहेको छ ।'

सरकारले यसपालि निकै ढिलो गरी मङ्सिर २२ मा मात्र उखुको मूल्य निर्धारण गरेको थियो । आगामी वर्ष समयमै तालिका कार्यान्वयन गर्न सरोकार भएकाहरू सबै हालैदेखि लाग्नुपर्ने अध्यक्ष कुशवाहाको भनाइ छ ।

# खनालद्वारा भुषालको आमरण अनशनलाई समर्थन

**राहुल गुप्ता ।**
**काठमाडौँ ।**
पूर्व प्रहरी महानिरीक्षक (आईजीपी) सर्वेन्द्र खनालले डा निकोलस भुषालले थालेको आमरण अनशनप्रति समर्थन जनाउँदै साथ दिने प्रतिबद्धता व्यक्त गरेका छन्। भुषालले माग पूरा गराउन आमरण अनशन थालेका हुन् । उनका माग जनस्वास्थ्य, नीति सुधार तथा आम नागरिकको हितसँग सम्बन्धित रहेको बताइएको छ। पूर्व आईजीपी खनालले अनशनप्रति ऐक्यबद्धता जनाउँदै शान्तिपूर्ण आन्दोलन नागरिकको मौलिक अधिकार भएको उल्लेख गरेका छन् ।

खनालले भने, 'भुषालका मागहरू गम्भीर र सम्बोधन गर्नैपर्ने खालका छन् । राज्यले यस्ता आवाजलाई बेवास्ता गर्नु हुँदैन ।' उनले आवश्यकता परे आफू पनि नैतिक र सामाजिक रूपमा आन्दोलनमा साथ दिने स्पष्ट पारे।

यसैबीच, भुषालको स्वास्थ्य अवस्थाप्रति चासो व्यक्त गर्दै विभिन्न क्षेत्रका व्यक्तिहरू, नागरिक समाज तथा अभियन्ताहरूले सरकारलाई संवादमार्फत समस्या समाधान गर्न आग्रह गरेका छन्। सरकारले भने यस विषयमा औपचारिक प्रतिक्रिया दिएको छैन।

# करदाता सेवा कार्यालय अगाडि धर्ना दिइने



**मधेशदृष्टि**
**रौतहट ।**
सदरमुकाम गौरस्थित राम जानकी धर्मशालाको सभाहालमा शनिबार सर्वपक्षीय भेला भएको छ । रौतहट उद्योग वाणिज्य संघको आयोजनामा भेला भएको हो । जेन जेड आन्दोलनपछि गठन भएको नागरिक सरकारले सदरमुकाम गौरमा सञ्चालनमा रहेको करदाता सेवा कार्यालयलाइ खारेज गर्ने गरेको निर्णयविरुद्ध संघर्षको कार्यक्रम तय गर्ने उद्देश्यले आयोजना गरिएको सर्वपक्षीय बैठकले पुस १३ गते आइतबार बिहानदेखि बेलुका ४ बजेसम्म करदाता सेवा कार्यालयको मुख्य गेटमा धर्ना दिने निर्णय गरेको छ ।

विभिन्न राजनीतिक दलका प्रतिनिधि, व्यापारी, उद्योगी, बुद्धिजीवी, नागरिक समाजका अगुवा, सञ्चारकर्मी सम्मिलित बैठकले करदाता सेवा कार्यालय खारेजीको निर्णय फिर्ता लिन सरकारमाथि दबाब सृजना गर्ने उद्देश्यले धर्ना दिने निर्णय गरेको रौतहट उद्योग वाणिज्य संघका अध्यक्ष रविन्द्रनाथ गोपालीले जानकारी दिए ।

गौर सदरमुकामबाट करदाता सेवा कार्यालय हटाइए व्यापारी व्यवसायीलाई राजस्व तिर्न बाराको सिमरा पुग्नु पर्ने भएकाले आन्तरिक राजस्व कार्यालयको रुपमा स्थापित गर्नु पर्ने मागसहित जिल्लाका व्यापारीले आन्दोलनमा होमिएको अध्यक्ष गोपालीले बताए । 'सरकारले गरेको निर्णय गलत हो, यसलाई सच्च्याउनु पर्छ,' अध्यक्ष गोपालीले भने, 'सरकारले गरेको निर्णय सुधार गरिएन भने ठूलो विद्रोह हुनसक्छ ।'

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालय: जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन